# विश्वव्यापी रुपमा फैलिंदै गरेको कोरोना भाइरसको रोकथामका लागि बुटवल उपमहानगरपालिकाद्धारा हालसम्म गरिएका प्रयासहरु

1. मिति २०७६।११।२० गते विपद् व्यवस्थापन समितिको बैठक बसी नगरवासीहरुलाई कोरोना भाइरसबाट सतर्क रहनका लागि जानकारी मूलक सूचना प्रत्येक घर घरमा पुग्ने गरी ४०,००० प्रति पम्प्लेट छापी सबैको घर घरमा पुऱ्याइएको ।
2. कोरोना भाइरस सम्बन्धी सूचना तथा संदेशमुलक जानकारी स्थानीय पत्र पत्रिकामा प्रकाशन गरिएको ।
3. बुटवल उपमहानगरपालिकासँग भगिनी सम्वन्ध रहेको चीनको सियान शहरको सहयोगका लागि मास्क र स्यानीटाइजर पठाइएको ।
4. मिति २०७६।१२।०७ गते बिपद् व्यवस्थापन समितिको बैठक बसी बुटवल उपमहानगरपालिका, लुम्बिनी प्रादेशिक अस्पताल तथा निजी क्षेत्रको समन्वयमा बुटवल १० मा रहेको धागो कारखाना परिसरमा कोरोना विशेष अस्थायी अस्पताल निर्माण गर्ने निर्णय गरिएको ।

   उक्त अस्पतालको संचालन व्यवस्थापन सहजीकरणका लागि नगर प्रमुखको संयोजकत्वमा ८ सदस्यीय कार्यदल गठन गरिएको । निर्माण पश्चात संचालनको समग्र जिम्मेवारी लुम्बिनी प्रादेशिक अस्पताललाई प्रदान गर्ने निर्णय गरिएको ।
5. विश्वव्यापी रुपमा फैलिंदै गएको कोरोना भाइरसको संक्रमणाबट आफु जोगिन र अरुलाई जोगाउन सम्पूर्ण नगरवासीहरुलाई बुटवल उपमहानगरपालिकाद्धारा **जिङ्गल** बनाई माइकिङ गरिएको ।
6. मिति २०७६।१२।१७ गते विपद् व्यवस्थापन समितिको बैठक बसी दैनिक ज्यालादारी गरी जीवन निर्वाह गर्नेलाई सम्बन्धित वडा मार्फत राहत उपलब्ध गराउनका लागि प्रवन्ध मिलाउन नगर कार्यपालिकालाई सिफारिस गर्ने निर्णय भएको । राहत अपुग भै बाहिरबाट व्यवस्थापन गर्नुपर्ने भएमा निजी क्षेत्रका ४ वटा संगठन (१.उद्योग वाणिज्य संघ, २.रुपन्देही उद्योग संघ, ३.रुपन्देही व्यापार संघ, ४.उद्योग व्यापार संघ) का अध्यक्षहरुलाई सम्पर्क व्यक्ति तोकी निर्णय गरिएको ।
7. मिति २०७६।१२।१८ गते विपद् व्यवस्थापनलाई लक्षित गरी नगरकार्यपालिकाको बैठक बोलाइएको । उक्त बैठकबाट राहत सामाग्री वितरण कार्यविधि २०७६ पारित गरी कार्यान्वयनका लागि सबै वडाहरुमा पठाइएको ।
8. सबै वडाहरुम राहत प्राप्त गर्नेहरुको विवरणहरु संकलन भैरहेको । वडा नं.१,४,५,१४,१५,१६ वडाहरुमा प्रथम चरणको राहत वितरण कार्य भैसकेको ।

- विभिन्न सहयोगदाताहरुबाट रु.३१५०५०।-राहत कोषमा प्राप्त भएको ।
- जिन्सी सामान तर्फ चामल ४१ क्वीन्टल, दाल ३६७ के.जी. खाने तेल १०० लीटर विभिन्न सहयोगदाताहरुबाट प्राप्त भएको ।
- विभिन्न सहयोगदाताहरुबाट ५९५ घरपरिवारलाई राहत मापदण्ड बमोजिम सहयोग उपलब्ध गराउने प्रतिवद्धता जनाइएको ।